**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

**मितिः ०८ अगस्त २०२५**

समयः १८:५० - १९:०० बजे

**<u>मुख्य समाचार</u>**

- **पश्चिम बंगालमा विशेष गहन पुनरीक्षणको लागि तैयारी पूरा भएको छ।यस सम्बन्धमा चुनाव आयोगलाई सीईओ कार्यालयले रिपोर्ट पठाएको छ।**

- **मुख्यमंत्री ममता ब्यानर्जीले अन्तर्राष्ट्रीय आदिवासी दिवसको अवसरमा राज्यमा तीन दिने महोत्सव मनाउने घोषणा गर्नु भएकोछ।**

- आर.जी.कर महिला रेजिडेंट डाक्टरसित हत्या र दुष्कर्म मामिलाको पहिलो वर्षगाँठमा आज जूनियर डाक्टरहरूले कलेज स्क्वायर देखि श्यामबजार सम्म न्यायको माग गर्दै जुलुस निकाले।

- **पहाड र समतलमा लगातार वर्षाले गर्दा तिस्ता र अन्य नदीहरूको जलस्तर खतराको चिनो भन्दा माथि पुगेकोले अरेंज एलर्ट जारी गरिएकोछ।**

- **खरसाङ नगरपालिकाको सुधपा टोल क्षेत्रमा रोड ठूलो प्वाँल परेपछि खरसाङको टुरिस्ट लजदेखि सिलगढी जाने बाईपास रोड बन्द भएको छ।**

**<u>बंगाल विशेष गहन पुनरीक्षण</u>**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी (सीईओ) कार्यालयले निर्वाचन आयोगलाई सूचित गराएको छ कि राज्यमा विशेष गहन पुनरीक्षण प्रक्रिया सुरु गर्न सबै तयारी पूरा भइसकेको छ। यो जानकारी विभिन्न जिल्लाका जिल्ला निर्वाचन अधिकारीहरूबाट प्राप्त रिपोर्टको आधारमा दिइएको हो।

--------

(बाईट)

हिजो राति अबेर जारी गरिएको एक विज्ञप्तिमा आयोगका अधिकारीले भनेका छन राज्यमा यस्तो विशेष पुनरीक्षण अन्तिम पटक वर्ष 2002 मा गरिएको थियो। यस वर्ष, यो प्रक्रिया हालै बिहारमा पूरा भएको छ, राज्यमा यस वर्ष चुनाव हुँदैछ।अब पश्चिम बंगालमा, जहाँ अर्को वर्ष विधानसभा चुनाव प्रस्ताव गरिएको छ, यो प्रक्रिया जुनसुकै बेला सुरु हुन सक्छ। यस कदमलाई लिएर राजनीतिक वृत्तमा पहिलेबाटै तीखो बयानबाजी चलिरहेको छ। तृणमूल कांग्रेसले आरोप लगाएको छ कि यो संशोधन प्रक्रिया भारतीय जनता पार्टी द्वारा राज्यमा एनआरसी लागू गर्ने षड्यन्त्र हो र निर्वाचन आयोगले भाजपाको इशारामा काम गरिरहेको छ।यसैबीच, भाजपाले भनेको छ तृणमूल कांग्रेस र मुख्यमन्त्री ममता बनर्जीले यो प्रक्रियाको विरोध गरिरहेका छन् किनभने यसमा रोहिंग्या र बंगलादेशी घुसपैठिहरूको नाम मतदाता सूचीबाट हटाउन सकिन्छ। यसैबीच, निर्वाचन आयोग र राज्य सरकार बीचको गतिरोध पनि बढ्दै गएको छ।

**<u>अन्तर्राष्ट्रीय आदिवासी दिवस</u>**

भोली अन्तर्राष्ट्रीय आदिवासी दिवस पालन गरिने छ।मुख्यमंत्री ममता ब्यानर्जीले हिजो झारग्रामको रैलीमा राज्यमा तीन दिने आदिवासी दिवस महोत्सवको शुभारम्भ गर्नु भयो। मुख्यमंत्री सुश्री ब्यानर्जीले भन्नु भयो यसपालि राज्यको प्रत्येक जील्लामा

पार्टी र सरकारले आदिवासी दिवस उत्सव पालन गर्ने, जो 10 अगस्तसम्म चल्ने छ। राज्यमा भोली अन्तर्राष्ट्रीय आदिवासी दिवसको उपलक्ष्यमा विभिन्न कार्यक्रमहरू आयोजित गरिएका छन्। समतलदेखि पहाडसम्म विभिन्न आदिवासी संघ संस्थाहरूले भोली कैयन कार्यक्रमहरूको आयोजना गरेका छन्।

**निर्वाचन आयोग-मतदाता सूची**

निर्वाचन आयोगले आज विभिन्न सोशल मीडिया प्लेटफर्महरूमा प्रसारित ती रिपोर्टहरूको खण्डन गरेको छ जसमा निर्वाचन आयोगले आफ्नो वेबसाइटबाट रातारात धेरै राज्यहरूको ई-मतदाता सूची हटाएको कुरा भनेको छ। आयोगले यी खबरहरूलाई असत्य बताउँदै भनेको छ कुनै पनि व्यक्तिले voters.eci.gov.in वेबसाइटमा 36 राज्य र केन्द्र शासित प्रदेशहरू मध्ये कसैको पनि मतदाता सूची डाउनलोड गर्न सक्नेछन।

**प्राथमिक शिक्षक भर्ती घोटालामा**

राज्यका सरकारी स्कूलहरूमा प्राथमिक शिक्षक भर्ती घोटालामा प्रवर्तन निदेशालय (ईडी) ले एक अन्य मंत्री विरूद्ध आरोप पत्र दायर गरेकोछ। पश्चिम बंगालका सूक्ष्म, लघु एवं मध्यम उद्योग तथा कपड़ा मंत्री चंद्रनाथ सिन्हाको नाम आरोप पत्रमा सामेल हैगरिएकोछ। चंद्रनाथ सिन्हा पश्चिम बंगाल सरकारका दोस्रो मंत्री हुन, जस विरूद्ध ईडी ले आरोप पत्र दायर गरेको हो। यस भन्दा अघि पश्चिम बंगालका पूर्व शिक्षा मंत्री तृणमूल कांग्रेसका महासचिव पार्थ चटर्जी विरूद्ध आरोप पत्र दायर गरेको थियो।

**हर्षवर्धन श्रृंगला - अमित शाह भेट**

पूर्व विदेश सचिव तथा भाजपाका राज्यसभा सांसद हर्षवर्धन श्रृंगलाले आज नयाँ दील्लीमा केन्द्रीय गृहमंत्री अमित शाह सित भेट गर्नु भयो। एक सामाजिक संजाल पोस्टमा श्री श्रृंगलाले एक सांसद तथा भाजपाको कार्यकर्ताको रूपमा आगामी कार्यहरूबारे मार्गदर्शन लिन यो भेटघाट गर्नु भएको बताउनु भएको छ। हालै दार्जिलिंग निवासी हर्षवर्धन श्रृंगलालाई राष्ट्रपति द्रौपदी मुर्मुले राज्यसभाको सांसद मनोनीत गर्नु भएको थियो। यसै मनसुन सत्रमा श्री श्रृंगलाले सांसदको रूपमा शपथ लिनु भएको थियो। यसै सत्रमा अपरेशन सिन्दूरबारे संसदमा भएको चर्च बहसमा जोरदार ढंगले विषय वस्तुहरू प्रस्तुत गर्नु भएको थीयो। सांसद भए पछि श्री शाह सित उहाँको यो पहिलो भेट हो। यस अघि उहाँले प्रधानमंत्री श्री नरेन्द्र मोदी सित पनि सदन चल्दै गरेको बेला भेट गर्नु भएको थियो।

**आर.जी.कर महिला रेजिडेंट**

आर.जी.कर महिला रेजिडेंट डाक्टरसित हत्या र बलात्कार मामिलाको पहिलो वर्षगाँठमा आज जूनियर डाक्टरहरूले कलेज स्क्वायर देखि श्यामबजार सम्म न्यायको माग गर्दै जुलुस निकाले। पीडितालाई न्याय तथा अपराधीलाई कठोर सजयको माग गर्दै हातमा पोस्टर ब्यानरका साथ जुलूस निकालियो। आउँदो 15 अगस्त सम्म न्यायको मागमा विभिन्न संगठन राजनीतिक दलहरूले कोलकातामा मार्च निकाल्ने घोषणा गरेका छन्। राज्यका एडीजी कानून व्यवस्थाले आज एक सम्वाददाता सम्मेलनमा सो मामिलालाई लिएर कोलकाता उच्च अदालतले दीएको अनुमति बमोजित धर्ना प्रदर्शनका लागि स्थानहरू चिन्हित गरिएकोछ र शान्ति श्रृंखला भंग गरिएको खण्डमा कडा कानूनी कारवाही गरिने बताउनु भएकोछ।

**राष्ट्रीय राजमार्ग संख्या-10 सूचारू**

राष्ट्रीय राजमार्ग संख्या-10 आज बिहान सूचारू भएपछि सेती झोडा र लिखुभीर बीच फेरी ठूलो पैह्रो जाँदा वाहनहरू घण्टौं जाममा फंसे। आज दिउँसो ठूलो पैह्रोले बाटो पूरे पछि सड़क प्रबन्ध विभागले तत्काल डोजरहरू लगाएर मलबा हटायो। मलबा हटाई आंशिक रूपमा यातायात बहाल गर्न घन्टौ समय लाग्यो। यसले गर्दा सिक्किम तथा कालेबुंग आउने जाने यात्रीहरूले धेरै समस्या झेल्न पर्यो। अर्को तीर पहाड़ र समपलमा लगातार भईरहेको वर्षाले तीस्ता ब्यारेजमा क्षमता भन्दा बढी पानि जम्मा भए पछि हजारों क्युसेक पानि छोड्नु परेको छ। तिस्त र अन्य नदीहरू तथा भूटानबाट उत्तर बंगाल तर्फ बग्ने नदीहरू खतराको चिनोदेखि माथि बगिरहेको कालेबुंग, दार्जिलिंग, जलपाईगुड़ी र अलिपुरद्वारमा प्रशासनले अरेंज एलर्ट जारी गरेकोछ। समतल इलाकाका नदीय जल किनार र छेउछाउ बस्ने मानिसहरूलाई बाढीको खतरा देखि सतर्क गरिएकोछ।

**खरसाङ नगरपालिकाको सुधपा टोल बन्द**

खरसाङ नगरपालिकाको वार्ड नम्बर 9 अन्तर्गत सुधपा टोल क्षेत्रमा रोड ठूलो प्वाँल परेपछि खरसाङको टुरिस्ट लजदेखि सिलगढी जाने बाईपास रोड बन्द भएको छ। यो बाईपास रोडमा टुरिस्ट लजमुनितिर झोडा नजिक रहेको रोडमा प्वाँल पर्नुको साथै झोडाले रोडको अरु भाग पनि तान्न लागेको देखिएको छ जसको कारण पुलिस प्रशासनले यस रोडमा गाडीहरु कुदाउन बन्द गरेको छ। उक्त रोडको निरीक्षण गर्नलाई 28 नम्बर खरसाङ चिमनी देवराली समष्टिको सभासद श्याम शेर्पा पुग्नु भएको थियो ।उहाँले यस रोडको निरीक्षण गरेर जीटीए प्रमुख कार्यपाल अनित थापालाई जानकारी गराएर सम्बन्धित विभागसित बसेर कार्य थालि हाल्ने निर्देशन दिइएको सभासद श्याम शेर्पाले बताउनु भयो ।

**गोरामुमो कालेबुङ खण्ड २ को अध्यक्ष पदमा मणिकुमार खवास चयन**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चा कालेबुङ खण्ड २ को स्थायी समितिको गठन स्थानीय साङसे कर्बुटारमा एक सभाबीच सम्पन्न गरेको छ | टिकाराम राईको अध्यक्षतामा सम्पन्न भएको सभामा मणिकुमार खवासलाई गोर्खा राष्ट्रिय मुक्ति मोर्चा कालेबुङ खण्ड २ को स्थायी समितिको अध्यक्षको पदमा सर्वसम्मतिले चयन गरिएको छ।

***खण्ड स्तरीय सांगठनिक सभामा खण्ड २ अन्तर्गत पर्ने दुईवटा समष्टिका प्रतिनिधिहरूको उपस्थिति रहेको गोरामुमो पार्टी सदस्य दिनेस साम्पाङले जानकारी दिनु भएको छ। सभामा संगठनको संरचना विस्तार, सांगठनिक सुदृढीकरण र कार्यदिशाबारे व्यापक चर्चा परिचर्चा भएको थियो। सभामा खण्ड २ लाई स्थायी समिति बनाउने प्रस्ताव पारित गर्दै नयाँ कार्यसमिति गठन गरिएको हो। गठित स्थायी समितिको अध्यक्ष पदमा मणिकुमार खवास, साथै उपाध्यक्षमा दलजित सुब्बा, मुलसचिवमा पासाङ शेर्पा, सहसचिवमा लाक्पा तामाङ, कोषाध्यक्षमा प्रेम दोर्जी शेर्पा अनि कुमार तामाङलाई चयन गरियो भने १३ जनाको कार्यकारिणी समिति चयन गरिएको छ। नव-निर्वाचित अध्यक्ष मणिकुमार खवासले सभा पछि जानकारी गराउदै भन्नु भयो , "आगामी दिनहरूमा खण्ड २ समितिले समष्टि स्तरमा सांगठनिक विस्तारलाई तीव्रता दिनेछ। दुईवटै समष्टिमा रहेका शाखा–प्रशाखाहरूलाई सक्रिय बनाउँदै संगठनलाई थप बनाउने हाम्रो प्राथमिकता हुनेछ।"***

**रवींद्रनाथ टैगोर पुण्यतिथि**

बंगाली कैलेंडर अनुसार आज श्रावण महिनाको 22 औं तिथि हो। यस दिन विश्वकवि रवीन्द्रनाथ टैगोरको पुण्यतिथि मनाइन्छ। पश्चिम बंगाल र विश्वभरिका बंगालीहरूले यस महिनाको 22 औं तिथिलाई उहाँको पुण्यतिथिको रूपमा मनाउने गर्दछ। आज कोलकातामा विभिन्न कार्यक्रमहरू आयोजना गरिएका छन्। कोलकाता स्थित पश्चिम बंगाल विधान सभामा पनि कैयन कार्यक्रमहरू आयोजना गरियो।विश्व भारती विश्वविद्यालयमा अनुष्ठान, विशेष प्रार्थना र वृक्षारोपण कार्यक्रम आयोजना गरिएको छ। विश्वविद्यालयको उपासना गृहमा विशेष प्रार्थनासभा आयोजना गरियो। आज देखि छ दिने कार्यक्रम पनि सुरु भएको छ।

**मौसम**

पश्चिम बंगालमा मनसुनी वर्षा जारी छ। अलिपुर मौसम विभाग अनुसार, उत्तर बंगालमा आगामी केही दिनसम्म मुसलधारे वर्षा जारी रहनेछ, जबकि दक्षिण बंगालमा, साताको अन्तबाट वर्षा कम हुनेछ तर आर्द्र गर्मी बढ्नेछ।उत्तर बंगालमा आइतबारसम्म दार्जिलिङ, कालिम्पोङ, अलिपुरद्वार, कुचबिहार र जलपाइगुडी जिल्लाहरूमा छिटपुट भारी वर्षा हुनेछ। सोमबार जलपाइगुडी, कालिम्पोङ, दार्जिलिङ र अलिपुरद्वारमा मुसलदारे वर्षा हुने अनुमान गरिएको छ।

****** ० ******